स्थानीय तहको वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन

२०८३, असोज

राप्ती गाउँपालिका वडा नं. ३

दाङ



प्रतिवेदक

नामसालिङ सामुदायिक विकास केन्द्र


इलाम

१. पृष्ठभूमिः

स्थानीय तहको सामाजिक परीक्षण सम्पन्न गर्न तत्कालका लागि कार्यविधि कानूनहरुको कमी रहेको अवस्थामा स्थानीय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद १० दफा ७८ को (५)मा उल्लेख भएको प्रावधान एवंम् विगतमा प्रचलनमा रहेको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ मा समावेश भएका विधि, प्रक्रिया र औजारहरु र विगतका अभ्यासहरुको समेत आधारमा यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । दाङ्ग जिल्ला राप्ती गाँउपालिका अन्तर्गत छनोट भएका वडाहरु मध्ये वडा नं. ३ को सामाजिक परीक्षणका क्रममा प्राप्त तथ्यहरुको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । सहभागितात्मक योजना छनोट प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले औपचारिक रुपमा पारित गरेको नीति, बार्षिक बजेट तथा कार्यक्रम अनुसार यस वडामा कार्यान्वयन भएका विकास गतिविधिहरु, सामाजिक सुरक्षा, नियमित नागरिक सेवा, जनसम्बन्ध, समन्वय, साझेदारी, नागरिक गुनासो तथा सूचना व्यवस्थापन, सेवाप्रदायकहरुको सामाजिक आचरण तथा आचार संहिताहरुको परिपालना जस्ता विविध विषयक्षेत्रहरुमा रही यो सामाजिक परीक्षण सम्पन्न गरिएको छ । सेवाहरु प्रदान गर्दा आफ्ना नागरिक र आम सेवाग्राहीहरु प्रति स्थानीय वडाले निर्वाह गरेको सामाजिक उत्तरदायित्व र नैतिक जिम्मेवारीहरु यस सामाजिक परीक्षणको केन्द्रविन्दुमा रहेका छन । यो सामाजिक परीक्षण राप्ती गाउँपालिका, स्थानीय वडाका जनप्रतिनिधिहरु, टोलविकास संस्थाको पदाधिकारीहरु, निर्माण उपभोक्ता समिति पदाधिकारीहरु, वडा कार्यालयका कर्मचारी, स्थानीय सेवाग्राही र सरोकारवालाहरुसँगको साझेदारी र समन्वयमा सम्पन्न गरिएको छ ।

२. सामाजिक परीक्षणको उद्देश्यः

स्थानीय वडाले गत आर्थिक बर्षमा सम्पादन गरेका विकास कृयाकलापहरु एंवम् सुविधाहरुको सामाजिक उपलब्धी सम्बन्धी लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको मुख्य उद्देश्य हो । प्राप्त तथ्यांक तथा सूचनाहरुको संक्षिप्त विश्लेषणका माध्यमबाट यस प्रतिवेदनले पृष्ठपोषण प्रदान गर्ने हुँदा सुझावहरुको अभिलेखीकरण समेत यसको अतिरिक्त उद्देश्य हो ।



३. सामाजिक परीक्षण गरिएको स्थानीय तहः

३.१. राप्ती गाउँपालिका वडा नं. ३, मसुरिया

४. प्रतिवेदन प्राप्त गर्ने सरोकारवालाः

- राप्ती गाउँपालिका वडा नं. ३ को कार्यालय, दाङ्ग ।
- राप्ती गाउँपालिकाको कार्यालय, मसुरिया, देउखुरी दाङ्ग ।

५. सामाजिक परीक्षण गर्ने संस्थाः


नामसालिङ्ग सामुदायिक विकास केन्द्र (NCDC), इलाम ।
सम्पर्क ठेगानाः राप्ती गाउँपालिका वडा न. ४ मौरीघाट
सम्पर्कः ०८२–४१३०७९
ncdcilam@ntc.net.np

६. तथ्यांक/सूचना संकलन विधि तथा प्रकियाः

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा परिवर्तित सन्दर्भ सहित निम्नानुसारका विधि तथा प्रकियाहरु अवलम्बन गरी यो सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।

६.१. अभिलेख अध्ययन तथा समीक्षा
६.२. उपभोक्ता समिति तथा सरोकारवाला अन्तरवार्ता
६.३. अवलोकन
६.४. लक्षित समूह/समुदाय छलफल
६.५. नागरिक अभिमत संकलन
६.६. नमुना सर्भेक्षण

यस राप्ती वडा न. ३ को सामाजिक परीक्षण गर्ने क्रममा राप्ती गाउँपालिका कार्यालयको मिति २०८३/०५/०३ च.न.२९८ को कार्यादेश अनुसार वडा तहको प्रारम्भिक सरोकारवाला छलफल मिति २०८३ भाद्र ४ गते वडा कार्यालयमा आयोजना गरिएको थियो । उक्त वैठक अनुसार फिल्ड अनुगमन गरी अन्तिम प्रतिवेदन मिति २०८३ असोज २० गते वडा कार्यालयमा छलफल मार्फत पेश गरिएको छ ।



राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल
Phone: ०८२-४१३०७७
Email: raptiruralmunicipality@gmail.com
Website: raptimundang.gov.np

प.सं. २०८३/०८४
च.नं. २९८
मितिः २०८३।०५।०३

विषयः स्वीकृति प्रदान गरिएको सम्वन्धमा ।

श्री नामसालिड सामुदायिक विकास केन्द्र (NCDC) ,
माइजोगमाई-३, नामसालिड, इलाम ।

प्रस्तुत विषयमा तहाँ विकास केन्द्रको च.नं. ११५/०८३, मिति २०८३/०५/०२ गतेको पत्रानुसार यस राप्ती गाउँपालकाका वडाहरुले आ.व. २०८२/०८३ मा सन्चालन गरेका विकास कार्यक्रमहरुको सामाजिक उपलब्धि सहितको लेखाजोखा गरी वडास्तरीय सामाजिक परीक्षण प्रतिवेदन तयार गर्न कुनै २ वटा वडाको सामाजिक परीक्षण कार्यको लागि स्वीकृति दिन अनुरोध भएकोमा गाउँपालिकाका वडा नं. १ र ३ (२ वटा वडा) छनौट गरी सामाजिक परीक्षण कार्यको लागि स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

२०८३/०५/०३
(अनिल आचार्य)
वरिष्ठ प्रशासकीय अधिकृत
वि.प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध राप्ती, सुखी र खुसी रापीवासी"

७. सामाजिक परीक्षणको क्षेत्रः

७.१.स्थानीय पूर्वाधार विकास निर्माण
७.२. नियमित नागरिक सेवा ।
७.३. सामाजिक सुरक्षा ।
७.४.जनसम्बन्ध, समन्वय र साझेदारी ।
७.५. नागरिक गुनासो तथा सूचना व्यवस्थापन ।
७.६. जनप्रतिनिधि तथा कर्मचारी आचरण, आचार-संहिताको परिपालना र उत्प्रेरणा ।

८. सूचनादाताहरुको बर्गीकृत विवरण:

समुदाय	जम्मा	महिला	पुरुष	कैफियत
आदिबासी जनजाती	१११	४९	६२	
दलित	७	३	४	
मुश्लिम				
ब्राम्हण/क्षेत्री	८९	३४	५५	
मारवाडी/मधेशी	०	०	०	
अन्य	७	३	४	
जम्मा:	२१४	८९	१२५	
प्रतिशत:	१००%	४१.५%	५८.५%	

९. सामाजिक परीक्षण टोली:

९.१. विनोद निरौला (योजनाविद्, नासाविके सम्पर्क: ९८५२६२०४१२)

९.२. शंशाङ्कबाबु आचार्य (कृषि अधिकृत नासाविके) ९८५७८५९६१६

९.३ धर्मबहादुर यादव (स्वयंमसेवक) ९८४४९२०१५५

१०. विविध:

सामाजिक परीक्षण सम्बन्धी तथ्यांक तथा सूचनाहरु र तिनको विश्लेषण पछाडि खण्ड-ख मा समावेश गरिएकोछ ।



खण्ड-ख

राप्ती गाउँपालिका वडा नं.३ को सामाजिक परीक्षण प्रतिवेदन

१. वडाको आधारभूत तथ्यांकः

- वडा कार्यालयको क्षेत्रफलः ९ वर्गकिलोमिटर
- वडा कार्यालयले प्रत्यक्ष सेवा दिनुपर्ने घरधुरी संख्याः १२४१ घरधुरी (स्रोत गा.पा.वस्तुगत पार्श्वचित्र-२०७५)।
- सेवाग्राही जनसंख्याः जम्माः ६६४१ जना
- सेवाक्षेत्रका वस्तीहरुः बसन्तपुर, खुरुरिया, मसुरिया
- आ.व. २०८२/०८३ मा सामाजिक सुरक्षा सेवा पाउने सेवाग्राही संख्याः

विवरण	संख्या
जेष्ठ नागरिक (७० बर्ष माथि)	३०३
जेष्ठ नागरिक (दलित)	१२
जेष्ठ एकल महिला	६८
बिद्यवा	१०८
पूर्ण अपाङ्ग	१२
अति असक्त अपाङ्ग	३०
दलित बालबालिका	२३

स्रोतः वडा कार्यालयको अभिलेख आ.व २०८२/०८३

२. योजना कार्यान्वयनको अवस्था (सन्दर्भ आ.व. २०८२/०८३)

क्र.सं.	योजनाको प्रकृति	योजनाको संख्या			कार्यान्वयन प्रतिशत	कैफियत
		जम्मा योजना	कार्यान्वयन भएका	कार्यान्वयनमा नभएका		
२.१.	सिंचाई, कृषि र पशुपालन सम्बन्धी	३	३	०	१००%	पालिका स्तरीय समेत
२.२.	धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी	३	३	०	१००%	
२.३.	शिक्षा तथा शैक्षिक पूर्वाधार सम्बन्धी	५	५	०	१००%	पालिका स्तरीय समेत
२.४.	सामुदायिक स्वास्थ्य, सरसफाई र स्वास्थ्य पूर्वाधार सम्बन्धी	२	२	०	१००%	


२.५.	खानेपानी तथा जलाशय, स्रोत संरक्षण सम्बन्धी	२	२	०	१००%	
२.६.	सडक, पूल र यातायात पूर्वाधार सम्बन्धी	१२	११	१	९१%	पालिका समेत
२.७.	युवा सीप विकास र स्वरोजगारी प्रबर्द्धन सम्बन्धी	२	२	०	१००%	
२.८.	लक्षितवर्ग तथा समावेशी विकास सम्बन्धी	२	२	०	१००%	गैसस समेत
२.९.	वातावरणीय तथा पर्यावरणीय विकास सम्बन्धी	१	१	०	१००%	
२.१०.	बिद्यूत तथा बैकल्पिक ऊर्जा	२	२	०	१००%	
२.११	मठ मन्दिर तथा धार्मिक संस्था सम्बन्धी	१	१	०	१०० %	
२.१२	आय आर्जन तथा पर्यटन, होमस्टे	१	१	०	१०० %	गैसस समेत
२.१३	तारबेरा तथा संरचना सुरक्षा सम्बन्धी	२	२	०	१०० %	
२.१४.	सुकुम्बारी तथा सुरक्षिता आवास सम्बन्धी	१	१	०	१००%	
२.१५	विविध (अन्तरसम्बन्धित): अध्ययन अनुसन्धान, क्षमता विकास, प्रयोग, परीक्षण, सार्वजनिक निर्माण, योजना निर्माण सम्बन्धी	४	४	०	१००%	
जम्मा योजना:		४३	४२	१	९८%	
प्रतिशत:			९८%	२%		


३. वडाको सेवा प्रवाह र विकास कार्यसम्पादन प्रतिको जनअभिमत:

क्र.सं.	सेवाको क्षेत्र	जम्मा अभिमतकर्ता	अभिमतकर्ताको प्रतिक्रिया				कफियत
			उत्कृष्ठ	सामान्य	कमजोर	धेरै कमजोर	
३.१.	सामाजिक सुरक्षा	१८	१४	३	१	०	
३.२.	नियमित नागरिक सेवा	२५	२०	४	१	०	
३.३.	स्थानीय विकास निर्माण	४५	३९	३	२	१	
३.४.	जन-सम्बन्ध, समन्वय र साझेदारी	३०	२०	१०	०	०	
३.५.	नागरिक गुनासो तथा सूचना व्यवस्थापन	२५	१८	४	२	०	
३.६.	जनप्रतिनिधि तथा कर्मचारी आचारण, आचार-संहिताको पालना र उत्प्रेरणा	२५	२०	३	२	१	
जम्मा अभिमत (पुनरावृत्ति):		१६८	१३१	२७	८	२	
प्रतिशत:		१००%	७८%	१६%	५%	१%	

३.१ गुनासो तथा चासोको प्रमुख क्षेत्रहरु

- वडाबासीले तिर्नुपर्ने राजश्व तथा करको दर
- सरकारी कोषको खण्डीकरण र टुक्रे योजना
- एउटै पूर्वाधार योजनको लागि पनि दुईतीन बर्षको बजेट पर्खनुपर्ने
- सामाजिक सुरक्षा भत्ताको लागि नामावली अद्यावधिक प्रकृया
- आर्थिक समृद्धिको प्रमुख आधार कृषि तथा आयआर्जनमा न्यून लगानी
- टोलविकास संस्था परिचालनको लागि न्यून पुँजी विनियोजन





४. राप्ती गाउँपालिका वडा न. ३ ले आ.व. २०८२/०८३ मा संचालन गरेका विकास कृयाकलाप एवंम् गतिबिधिहरुको स्थलगत अवलोकनका क्रममा पहिचान भएका योजनागत सामाजिक पक्षहरु

४.१ पूर्वाधार तर्फ

४.१.१ बसन्तापुर केरनान टोलमा बाटो स्तरोन्नती

सम्पर्क व्यक्ति: श्री सोमप्रसाद चौधरी (९८४७८८०९४८)

क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- सडकको अधिकांश खण्डमा हिलो भएको कारण गाडी फस्ने सम्स्या थियो ।
- घाँस तथा स्याउलाको लागि आवतजावत गर्न समेत कडिन थियो ।
- ट्रयाक्टर तथा मभ्कौला गाडीले हिलो पार्ने भएकोले सार्वजनिक काम हिडडुलमा समस्या हुने गरेको थियो ।



ख) सम्पन्न भएका कामहरु

- गल्लीको एकसाईड नाली निर्माण
- १५० मि. ग्राभेल गरिएको छ ।
- सडक मापदण्ड अनुसार कच्ची सडकको मापदण्ड प्रयास भएको छ ।

ग) सामाजिक उपलब्धी

- नालाको पानी चडेर सडक अवरुद्ध पार्ने केहीहद सम्म नियन्त्रण भएको छ ।
- नाला पूर्व हरेको आवासीय क्षेत्रमा व्यबस्थित सडक निर्माणको शुरुवात
- सवारीसाधन आवत जावत गर्ने हुनाले हिडडुलमा सहज भएको छ ।
- उपभोक्ताले स्वामित्व लिएको पाईन्छ ।

घ) सुझाव

- पानी निकास सहज दुवै छेऊको नालामा पुगेको छैन ।
- यस सडको नाला निर्माण अधुरो भएकोले निर्माण पूर्णता दिनुपर्ने देखिन्छ ।
- नमूना टोलको रुपमा परिणत गरी यथाशिघ्र कालोपत्रे गर्नुपर्ने देखिन्छ ।

४.१.२ बसन्तपुर लमैया कृषि सडक स्तरउन्नती

सम्पर्क व्यक्ति: भागीराम चौधरी (९८०६२९९४८१)

क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- गोरेटोबाटो मात्र थियो ।
- यो सडकको विचमा पानीको कुलो रहेकोले समस्या तथा हिलो हुने गरेको थियो ।
- वस्ती विकास हुदै गरेको क्षेत्र भएपनि बर्खा याममा हिलो हुने गरेकोले स्तरउन्नती अनिवार्य थियो ।
- खेतिको लागि ट्रयाक्टर तथा अन्य ढुवानीका साधन चल्न समस्या थियो ।



ख) सम्पन्न भएका कामहरु

- यस सडकको गोरेटोलाई मोटरबाटोको रुपमा स्तरउन्नती गरिएको छ ।
- बाटोका विचमा रहेको कुलोलाई विचबाट हटाएर किनारामा व्यवस्थापन गरिएकोछ ।
- माटो फिलिङ तथा नयाँ ट्रयाकखोल्ने काम गरिएको छ ।
- सडक चौडा गरिएको छ ।

ग) सामाजिक उपलब्धी

- यस क्षेत्रमा सवारी साधन तथा ढुवानी गर्न सहज भएको छ ।
- बिचमा रहेको कुलोको पानीको निकास भएको छ ।
- स्थानीय उपभोक्ताले सडकको स्वामित्व कायम भएको देखिन्छ ।
- वस्ती सौन्दर्यीकरणमा सहयोग पुगेको छ ।

घ) सुझाव

- सडक किनारमा रहेको कुलोलाई पक्की नालीसहित निर्माण गर्नुपर्ने ।
- बाटोको साइडमा रहेको कुलो क्रसगर्नुपर्ने स्थानमा कलबर्ट निर्माण गर्नुपर्ने देखिन्छ ।
- ह्यूमपाई मार्फतबाटो तथा कुलोपानी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४.१.३ खुरिरिया बडहराकुलोमा कल्बर्ट निर्माण

सम्पर्क व्यक्ति: श्री देवीराम चौधरी (९८४७८४९५१३)

क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- सार्वजनिक सडकविचमा कल्बर्ट नहुँदा पानीको कारण हिडडुल गर्न कठिनाई थियो ।
- सडक खाल्डाखुल्डी र हिलो भएकोले सवारीसाधन संचालन कठिन थियो ।
- दिर्घकालीन सडकको समस्या थियो ।
- सडकको किनारमा नाला नहुँदा डुवान हुने समस्या थियो ।



ख) सम्पन्न भएका कामहरु

- बडहरा कुलोमा पक्की कल्बर्ट निर्माण गरिएको छ ।
- बाटो विस्तार गरिएको छ ।

ग) सामाजिक उपलब्धी

- कलबर्ट निर्माण पश्चात मानिस तथा सवारी उपकरण आवतजावतमा सहज भएको छ ।
- खेतिपातीगर्न, पैदलयात्रीलाई सहज भएको छ ।
- सुरक्षाको दृष्टिकोणले जोखिम न्यूनिरकण भएको छ ।

घ) सुझाव

- यस सडक खण्डमा थप बाटो विस्तार गर्नुपर्ने देखिन्छ ।
- डुवान समस्या कम गर्न बाटोको किनारमा नाला निर्माण गर्नुपर्ने देखिन्छ ।

४.१.६ बसन्तापुर फूटवल ग्राउण्ड स्तरोन्नती

सम्पर्क व्यक्ति: श्री शान्तप्रसाद चौधरी, प्र.अ. (९८०९८२६९९२)

क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- स्थानीय खेलमैदानमा ढुङ्गा तथा गिटीको कारण खेल खेल्न समस्या थियो ।
- खेलमैदानमा पानी जम्ने समस्या थियो ।
- साघुरो खेलमैदान भएकोले समस्या भएको थियो ।

ख) सम्पन्न भएका कामहरु

- खेलमैदानमा माटो फिलिङ गरिएको छ ।
- खेलमैदानको चारैतिर प्राकृतिक ड्याम्प (१००/५०) निर्माण गरिएको छ ।

ग) सामाजिक उपलब्धी

- खेलकुदमैदान सौन्दर्यीकरण भएको छ ।
- ग्राउण्डमा पानी नजम्ने भएकोले खेलकुल गर्न सहज भएको छ ।
- बालबालिकाहरुको उद्यान तथा अन्यलाई व्यायाम क्षेत्र तयार भएको छ ।



घ) सुझाव

- खेलमैदान क्षेत्र आसपास सार्वजनिक शौचालय निर्माण गर्नुपर्ने देखिन्छ ।
- घामपानीबाट ओत लाग्न टहरा निर्माण गर्नुपर्ने देखिन्छ ।

४.१.७ स्वीजरलेण्ड पार्क व्यबस्थापन

सम्पर्क व्यक्ति: श्री भगवाल चौधरी (९८२९२५४६७०)

क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- स्वीजरलण्डको गेट जीर्ण भएकोले पशुले फोहोर गर्ने गरेको थियो ।
- बाटो कम्पाउण्ड छेउमापर्ने भएकोले पार्क भित्रको बगैचा नोक्सान ।
- गाईबस्तु गोठको कारण पार्क अतिक्रमणको समस्या थियो ।

ख) सम्पन्न भएका कामहरु

- स्वीजरलेण्ड पार्कमा नयाँ फलामे गेट निर्माण गरिएको छ ।
- पार्क अतिक्रमण गरिएको गोठहरु हटाईएको छ ।
- पार्क भित्र पानी जम्ने ठाउँमा माटो फिलिङ गरिएको छ ।



ग) सामाजिक उपलब्धी

- सार्वजनिक सम्पत्तिको सुरक्षा भएको छ ।
- पशुले गर्ने फोहोर र अनावश्यक क्षति अतिक्रमण रोकिएको छ ।
- पार्कको सौन्यर्दीकरण मार्फत पर्यटन प्रवर्द्धन भएको छ ।

घ) सुझाव

- पार्कमा व्यायमशाला निर्माण गर्नुपर्ने देखिन्छ ।
- सौन्दर्यीकरणको लागि फूलका विरुवाहरु लगाउनपर्ने देखिन्छ ।
- पार्कको निर्माणधिन पूर्वाधारहरुलाई सम्पन्न गर्नुपर्ने देखिन्छ ।

४.१.८ बिद्यूतीकरण तारपोल व्यबस्थापन

सम्पर्क व्यक्ति: मन बुझाउने चौधरी (९८२९८१४५७७)

क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- बसन्तापुर स्वीजरलेण्ड पार्क जाने बाटो र वस्तीहरु अध्यारो भएकोले रातको समयमा चोरी तथा अन्य जोखिम थियो ।
- हिडडुल गर्न समस्या थियो ।
- गाईगोठ क्षेत्रमा रातको समयमा काम गर्न कठिनाई थियो ।



ख) सम्पन्न भएका कामहरु

- बिद्यूत पोल थप भएको छ ।
- ३०० मि क्षेत्रमा बिद्युत तार विस्तार भएको छ ।

ग) सामाजिक उपलब्धी

- रातको समयमा आवतजावत गर्न सहज भएको छ ।
- चोरी तथा हानीनोक्सानी हुने समस्या कम भएको छ ।
- बस्तीहरुमा नवीकरणीय ऊर्जाको पहुँच पुगेको छ ।

घ) सुझाव

- बाँकी रहेको क्षेत्रमा थप बिद्यूत विस्तार गर्नुपर्ने देखिन्छ ।

४.१.९ सिलाईकटाई तालिम

सम्पर्क व्यक्ति: श्री अन्जना चौधरी (९७०४४९६७२३)



क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- महिलाहरु आयमूलक सीप नहुँदा बेरोजगारीको समस्या थियो ।
- सामान्य सिलाईको लागि बाहिर जानुपर्ने अवस्था थियो ।
- वैकल्पिक आयको माध्यम कम थियो ।

ख) सम्पन्न भएका कामहरु

- ३ महिने सिलाईकटाई सीपविकास तालिम सम्पन्न भएको छ ।

ग) सामाजिक उपलब्धी

- महिलाहरुको आयमा पहुँच स्थापनमा भएको छ ।
- सामान्य सिलाई तथा कपडा सुधारको लागि सहज भएको छ ।
- स्थानीय रोजगारीमा बृद्धिमा सहयोग भएको छ ।

घ) सुझाव

- लघूउद्यम संचालन गर्न वित्तियसँस्थासँग ऋण पहुँचको लागि व्यबस्थासायिक योजना तयारी गर्नुपर्ने ।
- तालिम पश्चात सिलाई कटाई मेसिन समेत उपलब्ध गराएर निरन्तरता दिन प्रयास गर्नुपर्ने ।
- सहभागी छनौटमा थप स्पष्ट मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।











४.१.१२ कृषि तथा पशुपन्छी विकास कार्यक्रम

सम्पर्क व्यक्ति: श्री महेन्द्रप्रसाद चौधरी (९८१२८८५८४७)

क) योजना संचालन हुनुपूर्व समस्या के थियो ?

- समुदायमा गाईबस्तु, बाखा, बँगुरमा रोग लाग्ने समस्या थिया ।
- सामान्य पशुउपचारको समेत कमी थियो ।
- तरकारीखेतिमा रोगकिरा नियन्त्रणको सामान्य उपकरण समेत थिएन ।

ख) सम्पन्न भएका कामहरु

- कृषि उपकरण तथा पशुपालनका लागि सामान्य उपकरण वितरण गरिएको छ ।
- निशुःल्क पशुजन्य रोगको औषधी वितरण गरिएको छ ।



ग) सामाजिक उपलब्धी

- पशुजन्य रोग पहिचान तथा रोग नियन्त्रणमा सहयोग भएको छ ।
- तरकारीबालीमा लाग्ने विभिन्न प्रकारका रोग न्यूनिकरण भएको छ ।
- समुदायमानै प्राविधिक सेवा तथा परामर्श प्राप्त भएको छ ।

घ) सुझाव

- यसप्रकारको प्राविधिक परामर्शसेवा निरन्तरता दिनुपर्ने देखिन्छ ।
- माटो परीक्षण परामर्श तथा कृषि उपकरण सहयोगमा बृद्धि गर्नुपर्नेदेखिन्छ ।

५. वडाले दिने सेवाहरु सम्बन्धी सामाजिक परीक्षणको क्रममा पाइएका केही सूचना तथा जानकारीहरुको सारसंक्षेप

५.१. सामाजिक सुरक्षा सम्बन्धी:

- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख प्रविधिमा आधारित रहेर अद्यावधिक अवस्थामा रहेको छ ।
- सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गरी सेवालाई भरभर्दो बनाउन प्रयास गरिएको छ ।
- सामाजिक सुरक्षाभत्ता वितरणका लागि स्थानीय बासिन्दा र सरोकारवालाहरुले सचेत र सहयोगी भूमिका निर्वाह गरी वडा कार्यालयको सामाजिक सुरक्षा सम्बन्धी कार्यसम्पादनलाई प्रभावकारी बनाउन सहयोग पु-याएका छन ।

५.२. नियमित सेवाप्रवाह (नागरिक सेवा):

- वडा कार्यालयको आफ्नै फराकिलो कार्यालय भवन मार्फत सेवा प्रवाहमा थप सहज भएको र जनसम्पर्क स्थापना एवंम सेवाग्राही मैत्री कार्यालय भवन रहेको पाईयो ।
- आवश्यकता अनुसार घरजग्गा रजिष्ट्रेशन, नागरिकता, राहदानी, व्यवसाय दर्ता, अनुदान सहयोग प्राप्ती, गरिब तथा विपन्न परिचय-पत्र, स्वास्थ्योपचार सेवा आदिका लागि दिनुपर्ने सिफारिस सेवा समयमै, प्रभावकारी ढङ्गले सहज रुपमा प्रदान गरिएको पाईयो ।
- भूमी सम्बन्धी समस्या समाधानको लागि गठन भएको समितिलाई सहजीकरण तथा बास्तविक भूमिहिनहरुको पहिचानमा प्रमुख भूमिका निर्वाह गरेको पाइयो ।
- नागरिक बडा-पत्र लगायत सार्वजनिक सूचना र जानकारीमूलक सामग्रीहरु यथासम्भव सेवाग्राहीको सुविधालाई केन्द्रीत गरी राखिएको छ ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा निर्धारित समयमा सरल र सहज रुपले प्रदान गरिएको छ । सर्जमिन मुचुल्का गर्नुपर्ने घटनाहरु बाहेकको हकमा तत्काल सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ ।

५.४. स्थानीय विकास निर्माण

- वडास्तरीय वार्षिक योजना तर्जुमाका सबै चरणहरुमा सहभागीतामूलक प्रक्रिया अबलम्बन गरिएको छ । योजना तर्जुमा कार्य समय सीमा भित्र सम्पन्न गरिदै आएको छ । बस्तीस्तरबाट छनोट र प्राथमिकीकरण गरिएका योजनाहरुको कार्यान्वयनलाई नै पहिलो प्राथमिकतामा राख्ने पद्धति अवलम्बन गरिएको छ ।
- गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम, तथा बजेटको प्रकृति अनुरुप वडास्तरीय योजनाहरुको छनोट तथा प्राथमिकीकरण गर्न वडास्तरमा समेत सहजीकरण गरिदै आएको पाइयो । यस प्रकृयामा निर्वाचित जनप्रतिनिधिहरु तथा टोलविकासको भूमिका प्रंशंसनीय रहेको पाइयो ।
- आ.व. २०८२/०८३ को अवधिमा गाउँ सभाबाट पारित यस वडाका योजनाहरु मध्ये करीब ९८% योजनाहरु जस्ताको तस्तै कार्यान्वयन भएको पाईयो । ठूला र दुरगामी असर पार्ने पूर्ण रुपमा असफल भएका योजनाहरु नभएको पाईयो ।
- वार्षिक गाउँसभाबाट छनोट भएका योजनाहरु उपभोक्ताहरुको सकृय सहभागितामा कार्यान्वयन भएका छन । नियम संगत भुक्तानीको प्रबन्ध गरिएको छ । योजना संचालन र भुक्तानी प्रक्रियाको बारेमा उपभोक्ता समिति र स्थानीय सेवाग्राहीहरुमा उल्लेख्य प्रकारको गुनासो रहेको पाइएन । तथापी परीक्षण गरिएका पूर्वाधारका योजनाहरुलाई निरन्तरता दिनुपर्ने देखिएको छ ।

- बजेट निकासा तथा बील भुक्तानीका लागि प्रक्रिया पुरागर्न कर्मचारी र जनप्रतिनिधिहरुले सहयोग गरेको स्थानीय उपभोक्ताहरुको प्रतिक्रिया रहेको छ । स्थानीयस्तरमा रहेका केही गुनासोहरु समेत अधिकांश सम्बोधन गरिएका छन ।
- बजेट निकासाका तथा परिचाालनका लागि समयमै प्रबन्ध मिलाईएको छ । बजेट खर्च अघि सोको परिचालनको लागि कार्यविधिमा तोकिएको प्रक्रिया अवलम्बन गरिएको छ ।
- योजनाहरुको पारदर्शीता र जवाफदेहिता अभिवृद्धिका लागि योजनास्तरमा सार्वजनिक परीक्षण अनिवार्य रुपमा गरिदै आएको छ ।

५.५. जनसम्बन्ध, समन्वय र साझेदारीः

- जनप्रतिनिधि, कर्मचारी र सेवाग्राहीहरु बीचको पहुँच र सम्बन्ध निकट रहेको पाईएको छ ।
- वडाकार्यालयले समन्वयकै आधारमा प्रदेश स्तरबाट समेत पूर्वाधारयोजनाहरु पर्न सफल भएको देखिन्छ ।
- वडा कार्यालय, गाउँपालिका, जिल्ला र प्रदेशबाट संचालित विकास गतिविधिहरु संयोजनका लागि वडा प्रतिनिधिहरुले समेत समन्वय र साझेदारीका लागि पहल गर्ने गरिएको स्थानीय सेवाग्राहीहरुको प्रतिक्रिया रहेको छ ।
- स्थानीय विकास निर्माण र सार्वजनिक चासोका विषयहरुमा समय समयमा राजनीतिक दल, नागरिक समाज, कर्मचारी, टोलविकास समिति, उद्योग वाणिज्यसंघ, होटल व्यवसायी, यातायात व्यवसायी, बुद्धिजीवि लगायत स्थानीय वासिन्दाहरु बीच समेत सर्वपक्षीय छलफल सहित समन्वय र साझेदारीका सम्भावनाहरु खोज गर्न स्थानीय जनप्रतिनिधिहरुले पहल गरेको पाईयो ।
- औपचारिक रुपमा पेशा-व्यवसायहरु संचालनका लागि स्थानीय उद्यमी-व्यवसायी र व्यापारीहरुलाई पालिकाले प्रोत्साहित गरी त्यस प्रकारको अभ्यास गर्ने उद्यमीहरुलाई सरकारी अनुदान, प्रोत्साहन र पुरस्कार प्राप्तिका लागि सहयोग पु-याउने गरेको पाइयो । यसका लागि वडाको भूमिका महत्वपूर्ण देखिएको छ ।

५.६. नागरिक गुनासो तथा सूचना व्यवस्थापनः

- कार्यालयमा हुनुपर्ने आधारभूत सेवा र सेवाग्राही सम्बन्धी तथ्यांक अद्यावधिक अवस्थामा राखिएको छ । कम्यूटर प्रणालीमा आधारित तथ्यांक रहेको हुँदा वडाको कार्यसम्पादन प्रणाली छिटो छरितो प्रकारको रहेको यस सामाजिक परीक्षणको क्रममा पाईएको छ ।
- नागरिकहरुको गुनासो सुनुवाईको लागि छुट्टै इकाई वा डेस्क गठन गरिएको छैन तथापि गुनासो सुनुवाईका लागि जनप्रतिनिधिहरुको उपलब्धता सहज रहेको पाईएको छ ।
- गुनासो तथा पृष्ठपोषणहरु प्राप्त गर्ने, प्राप्त गुनासोहरु बारे छलफल गर्ने र अभिलेखीकरण गर्ने कार्य औपचारिक रुपमा अपनाउन सकिएको छैन । नागरिक वडापत्र, सूचनापाटी, कार्यालयको भित्तामा राखिएको भएपनि गुनासो पेटिकाको व्यवस्था गरिएको पाईएको छ ।
- वडाको प्रत्येक आ.व.को समग्र विकास प्रकृया, राजश्व प्राप्ती, बजेट उपलब्धता आदीको बारेमा सरोकारवालहरुसमक्ष समीक्षा गर्ने गरेको पाईयो ।

५.७. सार्वजनिक आचरण, आचार संहिताको परिपालना तथा उत्प्रेरणाः

- वडाका जनप्रतिनिधिहरुले आ-आफ्नो सार्वजनिक छविलाई स्वच्छ राख्न प्रयास गरेको र नैतिक रुपले पतन हुने कुनैपनि कामहरुमा संलग्न नभएको सामाजिक परीक्षणको क्रममा स्थानीयको प्रतिक्रिया रहेको छ ।
- विकास निर्माण योजनाहरुको कार्यान्वयनमा आर्थिक फाईदाका लागि जनप्रतिनिधिहरुको प्रत्यक्ष संलग्नता नरहेको पाईएको छ ।

५.८. वडा कार्यालयले आ.व. २०८२/०८३ मा सम्पन्न गरेका नमूना कृयाकलापहरु

- सामुदायिक विद्यालयमा विपन्न विद्यार्थीहरुलाई पोषाक वितरण एवं स्वच्छखानेपानी प्रवन्ध
- टोलविकास संस्थाहरुको जानकारीमूलक होर्डिङबोर्ड स्थापना
- सुरक्षित आवास अर्न्तगत लक्षित समूहको घरको छाना निर्माण
- महिला सीपमूलक सिलाई कटाई तालिम
- गैह्सरकारी संस्था, तिलगंगा स्वास्थ्य प्रष्ठिानसँगको साझेदारी कार्यक्रम
- बिद्यालय लक्षित आँखा सुरक्षा चेतनामूलक कृयाकलाप
- अद्यात्मिक एवं योग अभ्यास प्रवर्द्धनका लागि सामाग्री सहयोग
- पार्क सौन्दर्यीकरण
- नयाँ सुविधा सम्पन्न कार्यालय मार्फत सेवा प्रवाह

६. वडाका केही विद्यमान समस्या तथा सुधारात्मक पक्षहरुः

- लुम्बिनी प्रदेशको राजधानी घोषणा भई बिस्तारित हुदै गएको क्षेत्र भएको कारणले भौतिक पूर्वाधार विकासको आवश्यकता र जनअपेक्षा अत्याधिक मात्रामा बढेको छ । जनअपेक्षा अनुसारको बजेट व्यवस्थापनका लागि प्रदेश तथा संघीय सरकारसँगको समन्वय यथोचित रुपमा हुन नसकेको पाइन्छ ।
- सामाजिक तथा आर्थिक विकासको क्षेत्रमा गरिएको लगानी पूर्वाधार विकासको तुलनामा अत्यन्त न्यून देखिएको छ ।
- बजार क्षेत्र, सार्वजनिक स्थल, मन्दिर र नदीक्षेत्रमा फोहरमैला व्यवस्थापनको मुद्धा जटिल बन्दै गएको छ ।
- उद्यमशीलता र आर्थिक वृद्धिदर हासिल गर्ने प्रकारका पेशा-व्यवसायहरुको प्रबर्द्धन मार्फत स्थानीय सरकारको राजश्व/कर बृद्धि गर्ने पहल हुन सकेको छैन । निजी क्षेत्र र संघ-संस्थाहरुसँगको समन्वयको अभावमा यस प्रकारका उपलब्धिहरु नगण्य मात्रामा मात्र प्राप्त भएको पाईन्छ ।
- टोलविकास संस्थालाई संस्थागत क्षमता विकास पर्याप्त भएको पाईएन, त्यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७. सामाजिक परीक्षणको निश्कर्ष तथा सुझावः

- समष्टिगत विकास प्रयासका हिसाबले ९८ प्रतिशत भन्दा धेरै योजनाहरु सम्पन्न भएका छन । पूर्वाधार विकास, सडक निर्माण तथा मर्मत, स्वास्थ्य क्षेत्र, लक्षितवर्गका प्रबर्द्धनात्मक कार्यक्रम, रोजगारमूलक सीप विकास, दीर्घकालिन वातावरणीय संरक्षण तथा सौन्दर्यीकरण र शिक्षा सम्बन्धी कार्यक्रमहरुको उपलब्धि उच्च देखिए पनि आर्थिक समृद्धिका दृष्टिले मेरुदण्डको रुपमा रहेको कृषि, सिंचाई र पशुपालन क्षेत्रमा योजना मुताविक कम प्रगति देखिएकोले आगामी दिनमा उल्लिखित क्षेत्रको समेत उच्च कार्यसम्पादनका लागि प्राथमिकता दिन आवश्यक ठानिएको छ ।
- योजनाहरुको कार्यान्वयन चरणमा विज्ञ जनशक्ति, संचार जगतका प्रतिनिधिहरु सहित जनप्रतिनिधिहरुबाट गरिनुपर्ने सुपरीवेक्षण तथा अनुगमन कार्यमा केन्द्रित हुन आवश्यक देखिएको छ, साथै सम्पन्न भएका कार्यक्रमहरुको उपलब्धी सहितको रिपोर्ट तयार गरी प्रचारप्रसार गर्नुपर्ने आवश्यक ठानिएको छ ।
- वडा कार्यालयले विभिन्न शीर्षकमा अनुदान, क्याम्प संचालन वा सहुलियत रुपमा वितरण गरिने बिऊ बिजन, सामाग्री तथा तालिम सहभागि छनौट गर्दा टोलविकास संस्थाका प्रतिनिधि समेतको सहयोगमा छनौट गर्दा अझ प्रभावकारी हुने सुझाव पेश गरिन्छ ।

- हाल अभ्यासमा रहेको उल्लेखनीय एवम् स्थानीय सेवाग्राहीले प्रशंसा गरेका सेवाहरुको निरन्तरताका लागि नीतिगत रुपमा नै निर्णय गरी कार्यान्वयन गर्न र यस प्रकारका राम्रा अभ्यासहरुले दिएका सकारात्मक सन्देशहरु बारे लिखित दस्तावेजहरु तयार गरी अभिलेखीकरण गर्न समेत सुझाव पेश गरिन्छ ।
- बिद्यालयमा स्वच्छ खानेपानी, खेलकुद सामाग्री वितरण, प्रविधिमैत्री शिक्षण एवं बिपन्न बिद्यार्थीहरुलाई ड्रेस वितरणलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।
- वालमैत्री स्थानीय शासन तथा वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धनमा बालक्लब तथा नवयूवा समूह परिचालन गर्नुपर्ने देखिन्छ ।








उनै वडा कार्यालय मसरिया
स्वस्थ आँखा, स्वस्थ जीवन।
सामुदायिक आँखा स्वास्थ्य निदान
तथा परीक्षण कार्यक्रम
Tilganga


राप्ती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
राप्ती गाउँपालिका, दाङ
योजना सुचना पाटी
आयोजनाको नाम: बिभिन्न बाटोहरुमा ग्रामेल तथा स्तरोन्नती
स्थान: राप्ती गा. पा.-३, बसन्तापुर
उ.स. अध्यक्ष:- बुद्धिमानचौधरी सदस्य सख्या: ७ पुरुष ४ महिला ३ जना
बिनियोजन रकम: ३५०००/-
उ. स. बाट : ६००८२.०६/-
गा. पा. बाट ३३८५००/-
लागत इष्टिमेट: ३८८५८२.०६/-
ोजना सम्झौता मिति: २०८३/१/२४
जना सम्पन्न मिति: २०८३/२/३१
ान्वित घरधुरी: २८५




राप्ती गाउँपालिका-३ नवाँबस्ती टोल
जथाभावी फोहर नफालौं


श्री जनता प्राथमिक विद्यालय
राप्ती गाउँपालिका-३ खुरुरिया